गृह मन्त्रालयबाट जारी गरिएको

# बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७

## १. पृष्ठभूमि

कोभिड-१९ को जोखिमबाट नागरिकको जीवन रक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९ गतेको निर्णयले मिति २०७६/१२/११ देखि लागु हुने गरी जारी गरिएको बन्दाबन्दी (Lock Down) को आदेश परिवर्तित रुपमा हाल कायमै रहेको छ । नागरिकको जीवन निर्वाहमा परेको बन्दाबन्दीको प्रतिकूल प्रभावका कारण मुलुकको शान्ति सुव्यवस्था व्यवस्थापन, सेवा प्रवाह र आर्थिक गतिविधिमा थप चुनौती सिर्जना भएको अवस्था छ ।

नागरिकको दैनिक जनजीवनलाई सहज बनाउन, सार्वजनिक सेवा प्रवाह व्यवस्थित गर्न, आर्थिक क्रियाकलापहरु सुचारु गर्न, कृषि, उद्योग, सेवा, व्यवसाय सञ्चालन गर्न, विकास निर्माणका कार्य सञ्चालन गर्न, आपूर्ति प्रणालीलाई व्यवस्थित गर्न, कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको कार्यलाई थप प्रभावकारी तुल्याउन र शान्ति सु-व्यवस्थालाई सुदृढ बनाउन वाञ्छनीय भएको र यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७७/०२/२८ को निर्णयानुसार बन्दाबन्दीको वर्तमान अवस्थालाई केही सहजीकरण गर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम उक्त निर्णयमा तोकिएका सेवा र कार्य संचालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयहरुको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागु गर्नुपर्नेछ भन्ने प्रावधान बमोजिम सेवा प्रदायक सरकारी तथा गैरसरकारी कार्यालय, निजी उद्योग व्यवसाय सञ्चालन गर्ने निकायहरु, सबै संघ संस्थाहरु र आम नगरिकले पालना गर्ने गरी यो **"बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७"** तर्जुमा गरिएको छ । यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

## २. बन्दाबन्दीलाई व्यवस्थित गर्ने सुरक्षा मापदण्ड

बन्दाबन्दीको अवस्था क्रमिक रुपमा खुकुलो भएको वर्तमान परिस्थितिमा देहाय बमोजिमको मापदण्ड तय गरी लागू गरी प्रहरीद्वारा अनुगमनको व्यवस्था गरिएको छः-

(क) कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहकेो हुँदा सबै नागरिकले स्वास्थ्य सम्बन्धी उच्च सतर्कता अपनाएर वा स्वयं जागरुक भएर मात्र आफ्ना नियमित काम कारबाहीहरु सञ्चालन गर्ने,

(ख) अत्यावश्यक काम बाहेक आफू रहेको आवास/ कार्यस्थलबाट अन्यत्र आवतजावत नगर्ने, नगराउने,

(ग) आवतजावत गर्दा वा कार्यस्थलमा कार्यरत रहँदा न्यूनतम २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, गराउने,

(घ) तोकिएको वस्तु वा सेवाको कारोबार गर्दा वा कार्यस्थलमा कामकाज गर्दा, सेवा प्रवाह एवं आवतजावत लगायतका कार्यमा संलग्न रहने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नु पर्ने, स्यानिटाइजर साथमा राख्ने,

सचिव

(ङ) तोकिएको सेवा प्रदायक संस्थाहरु, व्यवसायीहरु आदिले आ-आफ्ना निकायबाट सेवा प्रवाह गर्दा सेवा प्रदायक र सेवाग्राहीहरु (क्रेता/बिक्रेता) वीचको २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, गराउने, सम्भव भए सम्म सामानहरुको स्यानिटाइज गर्ने, गराउने व्यवस्था गर्ने,

(च) अनुमती प्राप्त अन्तर्राष्ट्रिय नाकाबाट प्रवेश गर्ने सबै ब्यक्तिहरुले न्यूनतम २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, तोकिएको वा भारत बाहेक अन्य मुलुकबाट नेपाल प्रवेश गर्ने व्यक्तिको हकमा स्वेच्छिक क्वारेन्टिन वा होटल क्वारेन्टिनमा सार्वजनिक शान्ति र सुव्यवस्थालाई समेत पालना गरी बस्नुपर्ने, बस्दा समेत तोकिएको सामाजिक दुरी कायम गर्नु, गराउनु पर्ने,

(छ) विवाह, ब्रतबन्ध, मृत्यु संस्कार, चाडपर्व, पूजा पाठ, लगायतका सामाजिक तथा साँस्कृतिक कार्यक्रमहरु गर्नै पर्ने अवस्थामा तोकिएको सामाजिक दूरीको सुनिश्चितता कायम गर्ने, गराउने र यस प्रकारका जमघटहरुमा १५ (पन्ध्र) जना भन्दा बढी आगन्तुक व्यक्तिहरुको भेला नहुने, हुन नदिने,

(ज) अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिलाई राती १०:०० बजे देखि बिहान ५:०० बजे सम्म हिँड्डुल गर्न पूर्णतः निषेध गर्ने,

(झ) मालसामान ढुवानी गर्ने कुनै पनि प्रकारको सवारी साधनहरुले चालक, सहचालक बाहेक अन्य कुनै पनि यात्रुहरुको ओसारपसार नगर्ने, नगराउने,

(ञ) उत्पादनमूलक क्रियाकलाप, उद्योग कलकारखाना[1], भौतिक पूर्वाधार निर्माण, विकास निर्माण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा गराउँदा एक स्थानमा एक पटकमा १० जना भन्दा बढी व्यक्तिहरु जम्मा हुन नपाउने व्यवस्था सम्बन्धित व्यवस्थापक/निर्माणकर्ता/उद्योगी/व्यवसायीले मिलाउने, सम्बन्धित कामदार/श्रमिक/कर्मचारीले पनि अनावश्यक भीडभाड नगर्ने, र

(ट) जेष्ठ नागरिकहरु, दीर्घरोगीहरु, सुत्केरी, गर्भवती महिला, १० वर्ष भन्दा कम उमेरका बालबालिका र अशक्तहरुलाई अत्यावश्यक तथा स्वास्थ्य प्रयोजनमा बाहेक आफ्नै घरमा रहन प्रोत्साहित गर्ने, गराउने । उपचारका क्रममा अस्पतालमा लैजादा र ल्याउँदा समन्वय र सहजीकरण गर्ने ।

(ठ) आदेश कार्यान्वयनका लागि खटिएका तथा विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने सुरक्षाकर्मीहरुले स्वास्थ्य सम्बन्धी उच्च सुरक्षा सतर्कता अपनाउने ।

**३. सुरक्षाकर्मीहरुको परिचालन व्यवस्थापन**

कोभिड-१९ को नियन्त्रणका सम्बन्धमा नेपाल सरकारद्वारा जारी निर्देशन र यसै बमोजिमको सुरक्षा मापदण्ड पालनाको लागि सुरक्षा जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गरिनेछ ।

**४. कोभिड-१९ संक्रमितहरुको व्यवस्थापन**

कोभिड-१९ को संक्रमण पुष्टि भइसकेका तथा कन्ट्याक्ट ट्रेसिङको आधारमा संक्रमणको उच्च जोखिममा रहेका व्यक्तिहरुलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरिएको जनस्वास्थ्य मापदण्ड अनुरुप परिस्थिति विश्लेषणका आधारमा निजहरुलाई आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय प्रशासन तथा स्थानीय तहहरुसँको समन्वयमा होल्डिङ सेन्टर, आइसोलेशन कक्ष, सेल्फ आइसोलेशन, क्वारेन्टिन कक्ष (होम क्वारेन्टिन, होटल क्वारेन्टिन र अन्य क्वारेन्टिन) र सघन उपचार कक्षमा आवश्यक सुरक्षा व्यवस्थापन गरिनेछ ।

सचिव

[1] कल कारखानाको एक स्थान भन्नाले १५० वर्ग फिट सम्मको स्थानलाई मानिनेछ ।

५. **जिल्ला प्रशासन कार्यालयको जिम्मेवारी**

(क) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरिएको जनस्वास्थ्य मापदण्ड अनुरुप कोभिड-१९ संक्रमण र जोखिमको परिस्थिति मूल्याङ्कनका आधारमा सम्बन्धित स्थानीय प्रशासनले आफ्नो क्षेत्राधिकार भित्रको स्थानमा कोभिड-१९ संक्रमित क्षेत्र (Containment Zone) को दायरा यकिन गर्न सक्ने,

(ख) स्थानीय प्रशासनबाट कोभिड-१९ संक्रमित क्षेत्र (Containment Zone) घोषणा गरिएको स्थानमा अत्यावश्यक सेवा बाहेकका कुनै पनि क्रियाकलापमा रोक लगाउन सक्ने । आवश्यकता अनुसार कन्ट्याक्ट ट्रेसिङ (Contact Tracing), हरेक स्थान र घरको निगरानी (house-to-house surveillance) गर्न, गराउन आवश्यक व्यवस्था गर्ने,

(ग) स्थानीय प्रशासनले कोभिड-१९ संक्रमित क्षेत्र (Containment Zone) बाहिरको क्षेत्रलाई परिस्थितिको मूल्याङ्कनका आधारमा मध्यवर्ती क्षेत्र (Buffer Zone) को रुपमा पहिचान गर्न आवश्यक व्यवस्था मिलाउन सक्ने , र

(घ) सबै जिल्ला प्रशासन कार्यालयले आफ्नो क्षेत्राधिकार भित्रको स्थानहरुमा यस सुरक्षा मापदण्डमा उल्लेख भएका व्यवस्थाहरु कडाइका साथ लागु गर्ने, गराउने,

६. **सेवा प्रदायक र सेवाग्राहीको जिम्मेवारी**

**क) सेवा प्रदायकको जिम्मेवारी**

- कार्यालको कामको चाप र जनशक्तिको उपलब्धता समेतलाई मध्यनजर गरी नेपाल सरकारको निर्णयानुसार २ (दुई) शिफ्टमा कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- कार्यालय प्रवेश बिन्दुमा अनिवार्य रुपमा ज्वरो नाप्ने स्यानिटाइजर वा साबुन पानीले हात धोएर मात्र कर्मचारी स सेवाग्राहीलाई कार्यालय प्रवेश गर्ने व्यवस्था गर्ने, कार्यालय प्रवेश लग बुक (Log Book) अनिवार्य राख्ने, कार्यालयको शौचालय र हात धुने ठाउँ दिनको २ (दुई) पटक सफा गर्ने व्यवस्था मिलाउने,
- कार्यालयमा कार्यसम्पादन गर्ने क्रममा अनिवार्य रुपले सबैले मास्क लगाउने र कर्मचारीहरु बीच न्यूनतम २ (दुई) मिटर भौतिक दुरी कायम गर्ने, समय समयमा स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउने, एउटै कोठामा धेरै कर्मचारी बस्नुपर्ने भएमा निश्चित दुरीमा सिट व्यवस्थापन गर्ने, कोठामा पर्याप्त भेन्टिलेशनको व्यवस्था गर्ने,
- जरुरी बैठक वा छलफल गर्दा अति आवश्यक न्यूनतम पदाधिकारी सहभागी भई, न्यूनतम दुरी कायम गरी छोटो समयमा सम्पन्न गर्ने गरी गर्ने,
- सकभर कर्मचारी र सेवाग्राहीको प्रत्यक्ष भेटघाट नहुने गरी सम्भव भएसम्म अनलाइन सेवा मार्फत सेवा दिने, सो व्यवस्था नभएमा सेवाग्राहीहरुसँगको सम्पर्क दुरीलाई कम गर्न झ्यालबाट सेवा दिन सकिने गरी व्यवस्था मिलाउने,
- शुल्क वा राजश्व लिनुपर्नेमा नगदमा कारोबार नगरी अनिवार्य रुपमा बैंकमा भौचर पेश गर्ने लगाउने,
- कार्यक्षेत्र ठूलो भएका कार्यालयहरुले जिल्लाभित्र रहेका गाउँ/नगरपालिका स्तरीय समय तालिका बनाई वा निश्चित दिन तोकी सोही बमोजिम सेवा प्रवाहको व्यवस्थापन गर्न सक्ने, उक्त सम्बन्धमा समयमै सम्बन्धितलाई सूचना दिने,
- कार्यालयमा आवश्यक सामग्री तथा खाद्यवस्तुहरु खरिद तथा आपूर्ति गर्दा समेत आवश्यक सावधानी अपनाउने,

सचिव

- सेवाग्राहीले पालना गर्नुपर्ने न्यूनतम सावधानीहरुबारे कार्यालय प्रवेश बिन्दुमा देखिने गरी सूचना बोर्ड राख्ने, र
- माथिका न्यूनतम सावधानीको पालना भए नभएको सम्बन्धमा कार्यालय प्रमुखले समय समयमा निगरानी एवं अनुगमन गर्ने, पालना भएको नपाइएमा तुरुन्त आवश्यक निर्देशन दिने ।

**ख) सेवाग्राहीको जिम्मेवारी**

- भिडभाड नगरी सम्बन्धित ब्यक्ति मात्र आवश्यक कागजात लिएर कार्यालयमा सेवा लिन जाने, अनिवार्य रुपमा मास्क लगाउने, कार्यालयले तोके बमोजिमको समय तालिका पालना गर्ने,
- कार्यालय परिसरभित्र अनिवार्य रुपमा २ (दुई) मिटर भौतिक दुरीको पालना गर्ने,
- सेवा प्रवाह सम्बन्धी केही बुझ्नुपर्ने भएमा फोन मार्फत सम्पर्क गरी आवश्यक कागजात पुर्याएर मात्र कार्यालयको सम्बन्धित शाखामा सम्पर्क राख्न जाने,
- आफ्नो काम सम्पन्न हुने बित्तिकै कार्यालय बाहिर निस्कने, अनावश्यक भिडभाड नगर्ने, र
- स्थानीय तहको सिफारिस आवश्यक पर्ने काममा उक्त सिफारिस अग्रिम रुपमा लिएर मात्र सेवा लिन जाने ।

**७. नागरिकको दायित्व**

यस सुरक्षा मापदण्डको प्रतिकूल नहुने गरी देशभरका सबै जिल्ला प्रशासन कार्यालयहरुले आफ्नो जिल्लाको भौगोलिक विशिष्टता, जोखिमको अवस्था समेतको आधारमा आ-आफ्नो जिल्लामा स्थानगत सुरक्षा मापदण्ड बनाई लागु गर्न सक्ने । सो को पालना गर्नु जिल्लास्थित सबै नागरिकको कर्तव्य र दायित्व हुनेछ ।

**८. मापदण्ड अवज्ञाको दण्डात्मक व्यवस्था**

यस सुरक्षा मापदण्डमा उल्लेख भएका व्यवस्थाहरुको उल्लंघन गरेमा अत्यावश्यक सेवा ऐन, २०१४, संक्रामक रोग ऐन, २०२०, मुलुकी अपराध संहिता, २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

सचिव